# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने ब्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय**

पत्र संख्या: २०७५।७६
च.नं.:

मिति: २०७५।१२।१९

श्री प्रमुखज्यू,
शुद्धोधन गाउँपालिका
रुपन्देही ।

विषय: **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट शुद्धोधन गाउँपालिको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन २०५५, स्थानीय सरकार सञ्चालन ऐन २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन २०७५ तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलव्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.१ करोड ९९ लाख ७७ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.२५ लाख ८ हजार, नियमित गर्नुपर्ने रु.२ लाख ११ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१ करोड ८ लाख ४६ हजार र पेश्की रु.६४ लाख १२ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा २०७५।९।२० मा लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाको आधारमा बेरुजु फछ्र्यौट भई कायम भएको व्यहोराको लेखापरीक्षण प्रतिवेदन पाना १५ (पन्ध्र) यसै साथ छ ।

**कैफियत सहितको लेखापरीक्षण राय** - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन २०५५ र नियमावली २०६४, स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

# शुद्धोधन गाँउपालिका
# लेखापरीक्षण प्रतिवेदन
# २०७४।७५

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायीक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन सङ्कलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न जनताको सहभागितामा आधारिता दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यको लागि यस गाँउ कार्यपालिकाको स्थापना भएको हो । नेपाल सरकार एवं स्थानीय तहमै उपलव्ध हुने स्रोत साधानको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मूख्य उद्देश्य रहेको छ । ५ नं. प्रदेशमा अवस्थित यो गांउ कार्यपालिका अन्तर्गत ७ वडा रहेको, ५७.६६ वर्ग.कि.मी. क्षेत्रफल, ३४६३८ जनसंख्या जनसंख्या रहेको छ ।

**स्थानीय सञ्चितकोष :** आर्थिक वर्ष २०७४।७५ स्थानीय सञ्चित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ :

| **आय** | | | **व्यय** | | |
|---|---|---|---|---|---|
| **क.स.** | **शिर्षक** | **रकम** | **क.स.** | **शिर्षक** | **रकम** |
| क | गत वर्षको अ.ल्या | **२२९८२१३९.७२** | क | **चालु खर्च तर्फ** | |
| ख | आन्तरिक श्रोत | | १ | वित्तिय समानिकरण प्रशासनिक खर्च | २२३५७५४२.८९ |
| **अ** | **वडा कार्यालयवाट संकलित** | | २ | शसर्त अनुदान विषयगत कार्यालय प्रशासनिक खर्च | ८८१५६२८९.०० |
| १ | घर कर | ३८४४६९.०० | ३ | LGCDP प्रशासनिक खर्च | ४४८०००.०० |
| २ | सवारी साधन कर | १२३४५५.०० | ४ | सामाजिक सुरक्षा भत्ता | ३५६६१३२०.०० |
| ३ | व्यावसाय कर | १०७९४७५.०० | | **जम्मा** | **१४६६२३१५१.८९** |
| ४ | सिफारीस दस्तुर | ५६५०३२५.०० | ५ | आन्तरिक तर्फ प्रशासनिक खर्च | ५६१९४३०.०० |
| ५ | वहाल विटौरी कर | १०२०६६.०० | | जम्मा | **५६१९४३०.००** |
| ६ | सटर भाडा | ३५५२००.०० | **ख** | **पुंजिगत खर्च तर्फ** | |
| ७ | व्यक्तिगत घटना दर्ता,दण्ड र जरिवाना | १०२९६०.०० | १ | पुर्वाधार विकास कार्यकम (आन्तरिक + अनुदान ) | १५९१९५८५८.०० |
| ८ | घर वहाल कर | ११००२.०० | २ | संघीय संरचना विकास र कार्यालय व्यवस्थापन अनुदान + आन्तरिक | ९६९९६२५.०० |
| ९ | अन्य वातावरण शुल्क | १२५३४१९.१६ | ३ | सवारी साधन खरीद ( आन्तरिक श्रोत ) | ४९५५०००.०० |
| १० | मालपोत अशुली | ५९४३६८१.४६ | ४ | जग्गा व्यवस्थापन ( आन्तरिक श्रोत ) | ४२५९३.०० |
| | जम्मा | **१५००६०५२.६२** | | **जम्मा** | **१७३८९३०७६.००** |
| **आ** | **गांउपालिकावाट संकलित** | | | चालु र पुजिगत खर्च | ३२६१३५६५७.८९ |
| १ | हाट वजार ठेक्का | ११२६९५१.०० | **ग** | **चालु र पुंजिगत खुद खर्च** | **३२६१६५६५७.८९** |
| २ | पोखरी रोयल्टी | २१४७३७२.५३ | **घ** | **वांकी मौज्दात** | **२०९९८५६८.८७** |
| ३ | नदिजन्य रोयल्टी | ३७०४२१२.०० | १ | ग ४ खाता रु. १४९०४०४४.४६ | |
| ४ | गांउपालिकावाट विभिन्न शिर्षकमा संकलित नगदि आय | २६८७७४.०० | २ | ग -२-१ खाता रु.४८७९४२४.७१ | |
| ५ | रोयल्टी सोधभर्ना प्राप्त र कन्टेन्जेन्सी वचत | ४५२०५०३.८९ | ३ | ग -२-२ खाता रु.१२१५०९९.७० | |
| | जम्मा | **११७६७८१३.४२** | ४ | नगद मौज्दात रु.०.०० | |
| **ग** | **नेपाल सरकारवाट प्राप्त** | | | | |
| १ | नेपाल सरकार वित्तिय समानीकरण अनुदान | १७४०८७०००.०० | | | |
| २ | नेपाल सरकार वित्तिय शसर्त अनुदान | ८६१५६२८९.०० | | | |
| ३ | LGCDP कार्यक्रम अनुदान | १०४८०००.०० | | | |
| ४ | सामाजिक सुरक्षा भत्ता अनुदान | ३५६६१३२०.०० | | | |
| ५ | स्थानीय विकास कोष | ४२५६१२.०० | | | |
| | जम्मा | **२९७३७८२२१.००** | | | |
| | **कुल जम्मा** | **३४७१३४२२६.७६** | | **कुल जम्मा** | **३४७१३४२२६.७६** |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| १. | **वित्तिय विवरणको यथार्थता** : आर्थिक कार्यविधी ऐन, २०५५ तथा नियमावली,२०६४ बमोजिम आय (राजश्व ) तथा खर्चको स्रेस्ता महालेखापरीक्षकबाट स्विकृत लेखा ढाँचामा राख्नु पर्ने, आय व्ययको यथार्थ हिसाब तयार गरी लेखापरीक्षण गराउनु पर्ने व्यवस्था रहेको छ । त्यस कार्यालयले आय तथा व्यय गर्दा बैंक नगदि किताब लगायत विभिन्न खाताहरु राखेता पनि बैंक नगदी किताब केरमेट गर्ने, खर्चका भौचरहरु पोष्टिङ गर्न छुटाउने, लेखापरिक्षणवाट भेटिएमा थप गर्ने, जोड जम्मा नगर्ने, पेश्की यकिन नगर्ने भुक्तानी गर्दा कट्टा भएका विभिन्न कर हरुको हिसाब नराख्ने, कट्टि भएको सबै करहरु दाखिला भएको सुनिश्चित गर्न नसकिने, रोयल्टी वापत कट्टी भएको रकम सम्बन्धीत खातामा ट्रान्सफर नगर्ने, धरौटीको व्यक्तिगत अभिलेख नराख्ने, लेखापरिक्षणको लागि प्राप्त वित्तिय विवरण र आन्तरीक लेखापरीक्षकले प्रमाणित गरेको वित्तिय विवरण बिच फरक रहेको, रोयल्टी सोधभर्ना प्राप्त तथा कन्टिनजेन्सी बचत भनि रु.४५,२०,५०३।८९ आय देखाएकोमा उक्त रकम आय प्राप्त हुने नभई बजेट खर्चमा मिलान गर्नु पर्ने प्रकृतिको रहेको, प्रत्येक महिना बैंक हिसाब मिलान विवरण तयार नगर्ने आदि अवस्था देखिएकोले लेखा स्रेस्ता कमजोर रहेको र लेखापरिक्षणको लागी प्राप्त वित्तिय विवरणले यथार्थ स्थितीको चित्रण गर्छ भनि सुनिश्चित हुने अवस्था देखिएन । सबै गोश्वारा भौचरहरु पुनः खाताहरुमा प्रविष्ट गरी यथार्थ हिसाब तयार गर्नुपर्ने देखिएको छ । | |
| २. | **हिसाव मिलान** : स्थानिय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७५ मा आर्थिक वर्षको अन्तमा खर्च खातामा वाकी रहेको रकम स्थानिय तहको संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ । त्यस गाँउपालिकाले खर्च खाता ग–२–१ मा रु.४८,७९,४२४।७१ र ग२-२ मा रु.१२,१५,०९९।७० मौज्दात रहेकोमा संचित कोष (ग -४) खातामा ट्रान्सफर गरेको देखिएन । ऐनको व्यवस्था कार्यान्वयन गर्नुपर्दछ । आर्थिक वर्षको अन्तमा कार्यालयको स्रेस्ता अनुसार बाँकी रहेको रकम र बैंक मौज्दात बिच फरक देखिएमा बैंक हिसाब मिलान विवरण (म.ले.प.फा. नं. १५) तयार गर्नुपर्ने व्यवस्था छ । त्यस कार्यालयको २०७५ आषाढ मसान्तको स्रेस्ता अनुसारको मौज्दात र बैंक मौज्दात निम्नानुसार फरक देखिएकोमा बैंक हिसाब मिलान विवरण तयार नगरेकोले बैंक मौज्दात यकिन गर्नुपर्दछ । | |

| खाता नं. | बैंकको नाम | श्रेस्ता अनुसार मौजदात | बैंक मौज्दात | फरक |
|---|---|---|---|---|
| २७९०२१(ग२-२) | कृषि विकास बैंक | १२,१५,०९९।७० | ६६,४४,१८१।७० | ५४,२९,०८२।० |
| २७९०२१(ग२-१) | कृषि विकास बैंक | ४८,७९,४२४।७१ | ५६,९०,१७३।७१ | ८,१०,७४९।० |
| जम्मा | | **६०,९४,५२४।४१** | **१,२३,३४,३५५।४१** | **६२,३९,८३१।०** |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ३. | **सोझै खरीद** : सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८(२) मा खरीद कार्य गर्दा प्रतिस्पर्धा सिमित हुन गरी टुक्रा टुक्रा पारी खरीद गर्न नहुने व्यवस्था रहेकोमा निम्न खरीद कार्य पटक पटक गरी रु. १०३१२१४०.९९ सोझै खरीद गरेको देखियो । वर्षभरी खरीद गर्नुपर्ने सामानको सूचि तयार गरी बोलपत्रको माध्यमबाट खरीद गर्ने व्यवस्था मिलाउनु पर्ने देखिएको छ । | |

| **सि.नं.** | **खरीदको विवरण** | **रकम** | **खरीद शिर्षक** |
|---|---|---|---|
| १. | १३ वटा मोटरसाइकल | २८९५२०० | गाँउपालिका पूँजिगत |
| २. | कम्प्युटर, ल्यापटप, फोटोकपी मेसिन ,क्यामेरा | १३३३५७३ | गाँउपालिका पूँजिगत |
| ३. | इन्भटर | ६१२६५६ | गाँउपालिका पूँजिगत |
| ४. | फर्निचर | १०५१२७२ | गाँउपालिका पूँजिगत |
| ५. | सफ्टवेयर (३ प्रकारका) | ९९९९३७ | गाँउपालिका पूँजिगत |

| | | | | |
|---|---|---|---|---|
| | ६. | सर्भे मेसिन | ४९९४६० | गाँउपालिका पूँजिगत |
| | ७. | एयरकण्डिशन | २००७०१ | गाँउपालिका पूँजिगत |
| | ८. | सोलार | ३९०००.०० | गाँउपालिका पूँजिगत |
| | ९. | खेलकूद सामान | ३००००.०० | गाँउपालिका पूँजिगत |
| | १०. | छपाई | ५६३५०.०० | गाँउपालिका पूँजिगत |
| | ११. | प्यारागन इन्टरनेशनल ट्रेड सप्लायर्स, वुटवल | १२७२९४.०० | गाँउपालिका पूँजिगत |
| | १२. | प्रगति अफसेट छापाखाना, वुटवल | १४८५९५.०० | गाँउपालिका पूँजिगत |
| | १३. | प्रगति अफसेट छापाखाना ,वुटवल | १०१७००.०० | गाँउपालिका पूँजिगत |
| | १४. | प्रगति अफसेट छापाखाना ,वुटवल | ९२८८६.०० | गाँउपालिका पूँजिगत |
| | १५. | युनिभर्सल जनरल सप्लायर्स,वुटवल | ७९८४८.०० | गाँउपालिका पूँजिगत |
| | १६. | आइडिया डिजाईनर्स एण्ड अफसेट प्रेस | १५६९९०.०० | गाँउपालिका पूँजिगत |
| | १७. | आइडिया डिजाईनर्स एण्ड अफसेट प्रेस | ९८९४८.०० | गाँउपालिका पूँजिगत |
| | १८. | लोयल कम्प्युटर सप्लायर्स,वुटवल | ९६९६५.०० | गाँउपालिका पूँजिगत |
| | १९. | युनिभर्सल जनरल स्टोर्स,वुटवल | १५४३४२.०० | गाँउपालिका पूँजिगत |
| | २०. | युनिभर्सल जनरल स्टोर्स,वुटवल | ८४५१९.९९ | गाँउपालिका पूँजिगत |
| | २१. | युनिभर्सल जनरल स्टोर्स,वुटवल | ३१००२४.०० | गाँउपालिका पूँजिगत |
| | २२. | ओमभैरव व्याग हाउस ,वुटवल | १४०७५.०० | गाँउपालिका पूँजिगत |
| | २३. | ओमभैरव व्याग हाउस ,वुटवल | ९६०५०.०० | गाँउपालिका पूँजिगत |
| | २४. | जयभैरव व्यागहाउस, | ९९२९८.०० | गाँउपालिका पूँजिगत |
| | २५. | जयभैरव व्यागहाउस, | ९९९७५.०० | गाँउपालिका पूँजिगत |
| | २६. | लोयल कम्प्यूटर सप्लायर्स बुटवल, प्रोजेक्टर खरिद | ७८०००.०० | गाँउपालिका पूँजिगत |
| | २७. | लोयल कम्प्यूटर सप्लायर्स बुटवल, कम्प्यूटर खरिद | २५५०२२.०० | गाँउपालिका पूँजिगत |
| | २८. | फिस्टेल सप्लायर्स रुपन्देही , टोटल स्टेशन खरिद | ४९९४६०.०० | गाँउपालिका पूँजिगत |
| | | **जम्मा** | १०३१२१४०.९९ | |

| | | |
|---|---|---|
| ४. | **मु.अ.कर सम्बन्धमा** : सार्वजनिक खरीद नियमावली,२०६४ को नियम १९ मा सार्वजनिक निकायले रु.२०,०००।० भन्दा बढी मुल्यको सामान खरीद गर्दा मुल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्थासंग मात्र खरीद गर्नुपर्ने व्यवस्था छ । उक्त | |

उपभोक्ता समितिको हकमा समेत लागु हुन्छ । तर उपभोक्ता समितिले विभिन्न निर्माण सामाग्री लगायत अन्य खरीद कार्य गर्दा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र नलिएका व्यक्ति, फर्मसंग खरीद गर्ने, मूल्य अभिवृद्धि कर लाग्ने सामान खरीद गर्दा रु. २०,०००।० भन्दा घटिका धेरै वटा विलबाट खरीद गर्ने जस्ता व्यहोरा देखिएको छ । मुल्य अभिवुद्धि कर दर्ता भएकासंग खरीद गर्नुपर्ने व्यवस्थालाई अनिवार्य लागु गरी कार्यान्वयन हुनुपर्दछ । मु.अ.कर विजक नलिई खरीद गरेका केही उदाहरण निम्नानुसार प्रस्तुत गरिएको छ । गाँउपालिका कार्यालयले मुल्य अभिवृद्धि कर दर्ता भएको वा नभएको व्यक्ति, फर्मसंग भएका खरीद कार्यको जानकारी सम्बन्धित आन्तरिक राजश्व कार्यालयलाई जानकारी दिने गरेको छैन । यस्तो जानकारी अनिवार्य रुपमा दिने व्यवस्था समेत मिलाउनु पर्दछ ।

| गौ .भौ.नं. मिति | कार्यक्रम | सामान विक्रेता | खरीद विवरण | रकम | कैफियत |
|---|---|---|---|---|---|
| ३५।०७४।१२।४ | पकडि केन्द्र देखि रजाड हुदै वनगाई सडक ग्राभिल | महादेवा विरेन्द्र सप्लायर्स | जे.सि.वि.भाडा | ७४००० | निज Vat दर्ता भएतापनि Pan bill बाट कारोवार गरेको |
| ५८का०७५।०२।०६ | मदन भण्डारी?स्पोर्टस एकेडमीले खेलकुद सामाग्री खरिद | शुभ नवदुर्गा मा टेडर्स | खेलकुद सामाग्री | १००,००० | ६ वटा विलबाट टुक्रा टुक्रा गरी खरीद गरेको |
| | | | | | |
| ९९।०७५।०३।२५ | मगलापुर सडक कालोपत्रे | विभिन्न वफिको भर्पाइ | निर्माण सामाग्री | १८,५१,००० | Pan bill सम्म नलिई भर्पाइको आधारमा खर्च गरेको |
| **वडा तर्फका् पूर्वाधार वडा नं. १ र २ तर्फ** | | | | | |
| ५।०७४।०७२४ | युवालषित कार्यक्रम | रोयल र्स्पाट कलेक्सन | खेलकुद सामाग्री | ८७५६० | Pan bill बाट खरिद |
| ५२।०७५।०२।२२ | सडक ग्राभिल वेलहियाचोक देखि किसुरलि सम्म वडा नं. १ | श्याम प्रसाद अधिकारी | हेभी उपकरण भाडा | १३०००० | भर्पाइ मात्र पेश |
| ५३।०७५।०२।२२ | सडक निर्माण | श्याम प्रसाद अधिकारी | हेभी उपकरण भाडा | ४९२०० | भर्पाइ मात्र पेश |
| ५७०७५।०२।२२ | सुवेक्षा सप्लायर्स वुटवल | श्याम प्रसाद अधिकारी | हेभी उपकरण भाडा | ९९५०० | Pan bill पेश |
| ५८।०७५।०२।२२ | पोखरी निर्माण | दिपक ज्ञवाली | हेभी उपकरण भाडा | १०२००० | भर्पाइ मात्र पेश |
| ५९।०७५।०२।२२ | सडक ग्रभिल | श्याम प्रसाद अधिकारी | हेभी उपकरण भाडा | १३५००० | भर्पाइ मात्र पेश |
| | घमाहाखोला देखि शिशै मा.वि. हुदै समयदेवी पुल सम्म ग्राभिल | श्याम प्रसाद अधिकारी | जे.सि.वि.भाडा निर्माण सामाग्री खरिद | १५५०००० | भर्पाइ मात्र पेश |
| | घमाहाखोला देखि शिशै मा.वि. हुदै समयदेवी पुल सम्म ग्राभिल | आशिष ज्ञवाली | मेशिन भाडा | ३००००० | भर्पाइ मात्र पेश |
| **वडा तर्फका पूर्वाधार वडा नं. ३ ४ र ५ तर्फ** | | | | | |

| | | | |
|---|---|---|---|
| १२/२०७४.११.७ | कल्भर्ट निर्माण | सुवेज्ञा सुवेक्षा सप्लायर्स पत्थरर्गज ३ विजक बाट खरिद | ४९५००.०० |
| १२/२०७४.११.७ | कल्भर्ट निर्माण | दि भाई कन्ष्ट्रक्सन प्रा.ली. रुपन्देही ७ विजक बाट खरिद | ३७०००.०० |
| १५/२०७४.११.१३ | शुद्धोधन ३ दोगाना सियाराम मन्दिरग्रावेल सडक विर्माण कार्य | जेसिवी प्रयोग वापत भरपाई मार्फत भुक्तानी | १०००००.०० |
| १५/२०७४.११.१३ | शुद्धोधन ३ दोगाना सियाराम मन्दिरग्रावेल सडक विर्माण कार्य | माटो खरिदवापत १०० ट्रिपर २९०० दरले | २९००००.०० |
| ९०/२०७५.२.३१ | पत्थरकोट केवलपुर दरवाहाहुदै मानपकडी जोडने सडक स्तरोन्ती | भरपाई वाट गिट्टी वालुवा खरिद | १०५१००.०० |
| | पत्थरकोट केवलपुर दरवाहाहुदै मानपकडी जोडने सडक स्तरोन्ती | भरपाई वाट माटो मिस्कट खरिद | ६७८०००.०० |

| | | | |
|---|---|---|---|
| | केवलपुर नाला निर्माणमा वालुवा मिस्कट खरिद | दि भाई कन्स्ट्रक्सन प्रा.ली. रुपन्देही ९ विजक बाट खरिद | १६४७००.०० |
| ४/२०७४.५.३ | केवलपुर नाला निर्माणमा वालुवा मिस्कट खरिद | जनसेवा सप्लायर्स एण्ड स्टेशनरी रुपन्देहीलाई स्टेशनरी खरिदवापत ३ विजकबाट | ५९०५५.०० |
| ५/२०७४.६.६ | वालदिवश कार्यक्रमका लागि टेन्टहाउस व्यवस्थापन | राजकुमार टेन्टहाउस एण्ड लाईट | ४३५५०.०० |
| ५/२०७४.६.६ | विधालय सभाहल मर्मत | स्मार्ट इलेक्ट्रिक | २००००.०० |
| ५/२०७४.६.६ | विधालय सभाहल मर्मत | ओम इलेक्टिट्रक मानपकडी | २००००.०० |
| ५/२०७४.६.६ | विधालय सभाहल मर्मत | ज्ञवाली फेम एण्ड फर्निसिगं | २००००.०० |
| ५/२०७४.६.६ | विधालय सभाहल मर्मत | पराजुली प्लाई एण्ड कलर हाउस | २००००.०० |
| ११/२०७४.१२.४ | मगर संघको एकता दिवश | मान पकडी सप्लायर्स लगायत ६ विजकबाट | १०७४९५.०० |
| ३३/२०७५.३.३ | पुरैनी आधारभूत विधालयलार्य पूवाधार निर्माण झयाल ढोका सहित खानेपानी सामाग्री खरिद | सुपा देउराली इलेक्ट्रोनिक्स बुटवल | ७५०९९.०० |
| | | **जम्मा** | **१७,८९,४९९.००** |

५. **अग्रीम कर**: आयकर ऐन, २०५८ को दफा ८७,८८ र ८९ मा भुक्तानीमा मु.अ.कर दर्ता भएको फर्मलाई भुक्तानी गर्दा १.५, दर्ता नभएकोलाई भुक्तानी गर्दा १५ प्रतिशत अग्रीम कर कट्टा गर्नुपर्ने व्यवस्था रहेको छ भने मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को दफा ६क मा भुक्तानीको जानकारी सम्बन्धी आन्तरिक राजश्व कार्यालयलाई दिनुपर्ने व्यवस्था रहेको छ । त्यस गाँउपालिकाबाट संचालन भएका अधिकांश पूँजिगत तर्फका योजनाहरु उपभोक्ता समिति मार्फत काम गराएकोमा समितिलाई भुक्तानी दिदा केही कारोवारमा अग्रीम कर कट्टा गरेता पनि अधिकांश कारोवारमा कट्टा गर्ने गरेको पाइएन । उपभोक्ता समितिले सम्बन्धीत व्यक्ति, फर्म, संस्थालाई भुक्तानी गर्दा अग्रिम कर कट्टा गरी बाँकी रकम भुक्तानी गर्नुपर्नेमा कुनै पनि उपभोक्ता समितिले कट्टा गर्ने गरेको देखिएन । उपभोक्ता समितिले कट्टा नगरेको अवस्थामा गाउपालिका कार्यालयबाट उपभोक्ता समितिलाई भुक्तानी गर्दा समेत अग्रीम कर कट्टी नगर्ने, मुल्य अभिढ्धि कर दर्ता नभएको फर्म, व्यक्तिसंग खरीद गर्ने, निर्माण सामाग्री खरिद गरेको भनि विभिन्न व्यक्तिलाई भर्पाइको आधारमा मात्र भुक्तानी दिने गरेको कारण करोडौ रकम आयकर तथा मूल्य अभिवृद्धि करको दायरामा नआउने अवस्था देखियो । यसरी भएका कारोवारका केही उदाहरण निम्न छन :

| गौ .भौ.नं. मिति | कार्यक्रम | खर्च रकम | कर कट्टा नगरेको रकम | कैफियत |
|---|---|---|---|---|
| ९।०७४।०७२२ | दरवहवा मेला आयोजना | ६५४००० | ६५४००० | खाजा खर्च २०८७३०।० व्यानर टेन्ट आदि सजिकुमार टेण्ट हाउ रु १२८८००।० खाजा खाना खर्च राजकुमार महतो १६८००० भरपाई पेश संर्स्कति कार्यक्रम ११२०००।० भरपाई पेश |
| २१।०७४।०९।११ | सडक ग्राभिल | ९२०००० | १३६००० | ग्रेडर जे.सि.वि. भाडा राजु थापा र इनद्र बस्नेतको भरपाई पेश । |
| ९९।०७५।०३।२५ | सडक कालो पत्रे | १८५१००० | १८५१००० | Vat दर्ता नभएको संग १५ प्रतिशत कर कट्टा गर्नुपर्नेमा १.५ प्रतिशत कट्टा गरेको |
| | घमाहाखोला देखि शिशै मा.वि. हुदै समयदेवी सडक ग्राभिल | ३८००००० | १८५०००० | मु.अ.कर दर्ता नभएकोमा १५ प्रतिशत कर कट्टा गर्नुपर्नेमा १.५ प्रतिशत मात्र कट्टा गरेको |
| १६/२०७४.११.१६ | मौवारी सखुवानी कालोपत्रे उपभोक्ता समिति लाई | १२८८३१८ | १८७४५ | कालोपत्रेसडक निर्माण कार्य प्रथम रनिगं विल भुक्तानी |
| ३४/२०७४.१२.१८ | मौवारी सखुवानी कालोपत्रे उपभोक्ता समिति लाई | ५७६६८२ | ८३९०.७२ | कालोपत्रेसडक निर्माण कार्य अन्तिम रनिगं विल भुक्तानी |
| ३१/२०७४/१२/१९ | लक्षित वर्ग अपागं संघ समन्व समितिको पशुपालन तालिमको | ११००० | १६५० | प्रपोजल तयारी, प्रशिक्षण, अनुगमन र सहयोगी भत्ता वितरण |
| ३१/२०७४/१२/१९ | लक्षित वर्ग अपागं संघ समन्व समितिको पशुपालन तालिमका | ३००० | ४५० | विविध खर्चको विल वेगर भुक्तानी |

| | | | | |
|---|---|---|---|---|
| ३९/२०७४.१२.२० | सामुदायिकपसल संस्थाका बाखापालन भैसीपालन र व्यवस्थापनको | १२००० | १८०० | अनुगमन वापत भर्पाइबाट भत्ता वितरण |
| १०७/०७५/३/ | लागूपदार्थ नियन्त्रण १ दिने चेतना सम्वन्धी प्रशिक्षण | ८००० | १२०० | प्रशिक्षक अनुगमन र सहयोगी भता वितरण |

| | | |
|---|---|---|
| ६. | **गाँउपालिका पूर्वाधार लक्षित कार्यक्रम :** सिंगापुर मौवारी वनगाई रब्जुरिया केवलपुर सडक स्तरोउन्नती कार्य गर्न उपभोक्ता समिति संग संम्झौता गरी काम भएकोमा उक्त कार्यको लागत अनुमान रु.४६१०४८२।५८ रहेको ,सो मध्ये गाँउपालिकाले रु. ३८०००००।०० भुक्तानी गर्ने गरी संम्झौता भएकामा पुनः गाँउपालिकाबाट उक्त योजनाको लागि रु.५०००००।० थप गरी रु.४३,००,०००।० पुऱ्याएको तर लागत अनुमान संशोधन गरेको छैन । कार्य सम्पन्न गरी रु.४५,९१,१४४।०० मुल्याङकन भएको छ । संम्झौता बमोजिम गााउपालिकाले भुक्तानी गर्ने रकममा ३ प्रतिशत कन्टीन्जेन्सी कट्टी गरी उपभोक्ता समितिलाई रु.४१,७१,०००।० भुक्तानी गर्नुपर्नेमा रु.४५,५२,२१०।० भुक्तानी भएकोले बढी भुक्तानी भएको रु. ३,८१,२१०।० असुल हुनुपर्ने रु. | ३८१२१०।०० |
| ६.१. | सोही निर्माण कार्यमा दोश्रो रनिङ विल सम्म माटो काट्ने कार्य १०,६१३.९० घ.मि. भएकोमा तेश्रो विलमा ११९७५ घ.मि. देखाई भुक्तानी भएको तर तेश्रो विलको नापी विवरणमा उक्त कार्य भएको नदेखिएकाले बढी भुक्तानी भएको १३६१.१० घ.मि. को प्रति घ.मि.रु.१७०.८६ ले हुने रु. २३२५५७।० मा उपभोक्ता समितिले व्यहोर्ने अंश कट्टा गर्दा बढी भुक्तानी भएको २,१६,९०६।०० असुल हुनुपर्ने रु. | २,१६,९०६।०० |
| ७. | ७१।०७५।०३।२५ प्रधानमंत्री कृषि आधुनिकीकरण आयोजना अन्तरगत साना व्यवसायीले कृषि उत्पादन केन्द्र (पकेट/ ब्लक) संचालन गर्न बेलबा प्रगति तरकारी ब्लक वडा नं. १ र गाउपालिकाबिच २०७५।२।१६ मा तरकारीको ब्लक संचालन गर्ने संम्झौता भएको, उक्त कार्यको लागत अनुमान रु.३१,६४,०००।० रहने र सोमध्ये गाउपालिकाले रु.२२,००,०००।०० (६९.५३ प्रतिशत) तथा ब्लक संचालक समितिले रु. ९६४०००।० ( ३०.५७ प्रतिशत) व्यहोर्ने उल्लेख छ । सो कार्य संपन्न भएको भनि रु.२८,९४,४००।०० को बिल भर्पाइ पेश गरी गाँउपालिकाबाट रु.२२,००,०००।०० भुक्तानी भएको सम्बन्धमा देखिएको व्यहोरा निम्न छन : | |
| ७.१. | संम्झौता बमोजिम पुरै खर्च नभएको अवस्थामा गाँउपालिकाबाट काम सम्पन्न भएको अनुपातमा रु.२०,१२,७६६।० मात्र भुक्तानी हुनुपर्नेमा रु २२,००,०००।० भुक्तानी भएकोले बढी भुक्तानी असुल हुनुपर्ने रु...... | १,८७,२३४।० |
| ७.२. | संम्झौतामा विभिन्न १४ आइटमका कार्य गर्ने उल्लेख छ । ब्लक संचालक समितिले रु २८,९४,४००।०० को विल भर्पाइ पेश गरेकोमा संम्झौताका १४ आइटमसंग सम्बन्धीत खर्च निम्नानुसार रु.२८,४०,१५८।०० मात्र देखिदां बाँकी रु.५४२४२।०० संम्झौता भन्दा वाहिरको खर्च देखिएकोले सो रकमको गाँउपालिकाले व्यहोर्ने अंश ६९.५३ प्रतिशत ले हुने रु. ३७,७१५।० बढी भुक्तानी भएको देखिन्छ । तसर्थ उक्तः रकम असुल हुनुपर्ने रु. | ३७,७१५।०० |

| क्रियाकलाप | संम्झौता | वास्तविक खर्च |
|---|---|---|
| मल | १५०००० | ११६००० |
| विउ /विषादी | १५२००० | १९९४०० |
| स्प्रेयर टंकी | २१०००० | २०८००० |
| विषादी (प्रर्गारिक) | १००००० | - |
| इन्धन | ५०००० | - |
| अनुगमन प्रतिदिन | २००० | २००० |

| | | |
|---|---|---|
| पम्पसेट | १६४०००० | १४९१००० |
| प्लाष्टिक /पाइप | ५४०००० | ५३२७३३ |
| जोख्ने मेशिन | १४०००० | १४१०८५ |
| पोलिमेथड | १४०००० | ११७६५० |
| सार्वजनिक सुनुवाई | ६००० | ६००० |
| तालिम | २४००० | १९५५० |
| सूचना बोर्ड | १०००० | ६७४० |
| जम्मा | ३१६४००० | २८४०१५८ |

नोटः उपरोक्त विउ/विषादी र विषादी (प्रगांरिक) समेत २ आईटम को रकम एकमुष्ठ विउ/विषादी शिर्षकमा जोडी देखाईएको छ ।
प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया पश्चात उपरोक्त तालिका संशोधन गरि बेरुजु कायम गरिएको छ ।

८. ९६।०७५।०३।२४ डिप ट्युवेल संचालन रहेका सिंचाई योजनाका १७ उपभोक्ता समितिलाई विद्युत महशुल भनि रु.४९३००।० भुक्तानी दिएको देखियो । सिँचाई सुविधा प्राप्त गर्ने उपभोक्ताबाट शुल्क लिई भुक्तानी गर्नुपर्नेमा गाँउपालिका बाट विद्युत महशुल भुक्तानी गरेको उपयुक्त देखिएन । विद्युत महशुलको लागि सुविधा प्राप्त गर्ने उपभोक्ताबाट शुल्क वापतको रकम भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

९. **लक्षित कार्यक्रम** : गाँउ सभाबाट वडास्तरीय पूँजीगत कार्यक्रमबाट खर्च गर्ने गरी वडा नं. १ देखि ७ सम्म प्रति वडा न्यूनतम रु.१०३२५००।० देखि रु.१७०००००।० सम्म हुने गरी रु.८३,६६,५००।०  खर्च गर्ने गरी लक्षित वर्ग कार्यक्रम स्वीकृत गरी खर्च गरेको  देखियो । उक्त कार्यक्रमबाट कुनै पनि वडाले पूजिँगत कार्यमा खर्च गरेको देखिएन । सबै वडाले सो कार्यक्रमबाट जनचेतना अभिवृद्धि गर्ने भनि १।२ दिनको तालिम कार्यक्रम, सभा गोष्ठी, र्‍याली संचालन गर्ने, त्यस्ता कार्यक्रमको बजेटको अधिकांश खर्च खाना खाजा मसलन्द खरीद र अनुमान कार्यमा खर्च हुने गरेको देखिएको छ । लामो अवधीको सिपमुलक तालिम कार्यक्रम संचालन नगरी १।२ दिनको कार्यक्रम संचालन गरी प्रति कार्यक्रम १ लाख देखि १ लाख ५० हजार रुपैया सम्म खर्च गर्ने गरेकोले एकमुष्ट रुपमा ठुलो रकमवाट  स-साना धेरै कार्यक्रम संचालन गर्दा प्रभावकारी हुने देखिएन । अतः लक्षित वर्ग कार्यक्रमको लागि विनियोजित बजेट उपलब्धी मुलक कार्यमा खर्च गर्नुपर्दछ ।

१०. **नर्म्स भन्दा वढी भुक्तानी** :- अर्थ मन्त्रालय कार्य सञ्चालन निर्देशिका, २०७३ अनुसार तालिम प्रतिष्ठान वाहेक अन्य निकाय वाट सञ्चालित सवै प्रकारको तालिमको स्रोत व्यक्ति तथा प्रशिक्षकको पारीश्रमिक, सहभागी भत्ता, खाजा र स्टेशनरी लगायतका कार्यमा स्वीकृत नर्म्स अनुसार मात्र खर्च गर्ने उल्लेख छ । तपसिलको कार्यक्रम संचालन गर्दा जिल्ला स्तरीय तालिम कार्यक्रमको लागि स्वकिृत नर्म्सले खर्च गर्न पाउने भन्दा रु. ७२२००।०० वढी खर्च गरेको छ । स्वीकृत नर्म्स भन्दा वढी खर्च लेखेको रकम असूल हुनु पर्ने रु. ७२२००।००

| सि.नं. | गो.भा.नं./ मिति | पेश्की लिनेको नाम कार्यक्रमको नाम | नर्म्स अनुसार लेख्नु पर्ने खर्च | लेखेको खर्च | वढी |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १. | ३।२०७५।३।२४ | ई.डिल्लीराज ज्ञवाली<br>भवन आचारसंहिता अभिमुखिकरण सम्वन्धी १ दिने तालिम | सहजिकरण वापत ई. डिल्लीराज ज्ञवाली तालिम तालिका संलग्न नगरी एकमुष्ट खर्च लेखि भुक्तानी लिएको | १००००।०० | ७५००।०० |
| | | | संयोजक वापत सुमन काफ्ले | २००००।०० | १०००।०० |
| | | | नर्म्स अनुशार ईन्धन खर्च लिन नपाउनेमा लिएको | ३००००।०० | ३००००।०० |
| | | | भवन आचारसंहिता अभिमुखिकरण सम्वन्धी १ दिने तालिममा प्रतिवेदन वापत रु ३०००।०० लिएकोमा प्रतिवेदन संलग्न नरहेको | ३००००।०० | ३०००।०० |
| २. | ५५।२०७५।३।३१ | वडा नं. ३ र ४ को अन्तरक्रिया योजना छलफल र होमस्टे सञ्चालन १ दिने अन्तरक्रिया | वडा स्तरिय प्रशिक्षण दिएवापत नमर्स बमोजिम रु १२००।०० भुक्तानी लिनुपर्ने माराम प्रसाद कोइराला सहित ३ जनाले २०००।०० का दरले भुक्तानी दिएकोको | ६०००।०० | २४००।०० |
| | | | वडा स्तरिय प्रशिक्षण दिदा सहभागि भत्ता र यातायात खर्च वापत ४० जनाको नर्म्स बमेजिम रु ३००।०० का दरले खर्च लेख्नु पर्नेमा रु १०००।०० दरले लेखेका | ४९०००।० | २५०००।०० |
| | | | खाजा वापत ४० जनाको नर्म्स बमेजिम रु १५० का दरले खर्च लेख्नु पर्नेमा रु २५० लेखेको | १००००।०० | ६०००।०० |
| | | | हलभाडा वापत रु ८०००।०० भुक्तानी गर्दा कर कट्टा नगरेका | ८०००।०० | ८००।०० |
| | | | वढा अध्यक्ष र सदस्यहरु र वडा सचिवले कार्यक्रममा सहभागी भएवापत र अनुगमन गरेवापत भनि लिएकोमा आयोजक र अथितिलाई भत्ता दिने नर्म्समा व्यवस्था नभएको | १६०००।०० | १६०००।०० |
| ३ | ९२।२०७५।३।२५ | राजेन्द्र कंडेल<br>जेष्ठ नागरिक सम्मान पेश्की २लाख फछ्यौंट | १ दिने जेष्ठ नागरिक सम्मान कार्यक्रम मा संयोजन, अनुगमन र कार्यक्रममा सहयोग गरेवापत राजेन्द्र कंडेलले रु ३०००।०० एउटै कार्यकमा दोहोरो भुमिका भनि दोहारो भत्ता लिन नमिल्ने | ३०००।०० | १५००।०० |
| | | | १ दिने जेष्ठ नागरिक सम्मान कार्यक्रम व्यवस्थापन र मञ्च व्यवस्थापनमा सहयोग गरेवापत राजेन्द्र कंडेलले रु ३०००।०० एउटै कार्यकमा दोहोरो भुमिका भनि दोहारो भत्ता लिन नमिल्ने | ३०००।०० | १५००।०० |
| | | | | **जम्मा** | **७२२००।००** |

११. **पदाधिकारीलाई सुविधा** : स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ बमोजिम अनुसुची १ मा व्यवस्था भए बमोजिम निर्बाचित पदाधिकारीले काम कार्वाही शुरु गरेको गरेको मिति देखि पाउने व्यवस्था गरेको छ । उक्त

ऐन २०७५।२।२८ देखी लागु भएको देखिन्छ । यस गाउँपालिका निर्बाचित पदाधिकारीहरुले गाँउपालिकाको निर्णय अनुसार २०७४ को श्रावण देखि आषाढ सम्मको ३८ जना पदाधिकारीले जम्मा रु ५१ लाख ६० हजार सुविधा प्राप्त गरेकोमा छुट भएको भनि रु २८,८०,०००।०० समेत समावेश गरी भुक्तानी लिएको देखियो । उक्त ऐन २०७५।२।२८ देखि बाट लागु भएकोमा ऐन लागु हुनु भन्दा ११ महिना अगाडी देखिनै ऐनले दिएको सुविधा लिएको देखियो । यसरी कानून लागु हुनुभन्दा अघिल्लो अवधीको रु. २८,८०,०००।०० सुविधा देखियो ।

| सि.नं. | विवरण | संख्या | मासिक दर | महिना | प्रति व्याक्ति हुन आउने कुल रकम | सवै सद्स्यको कुल भुक्तानी |
|---|---|---|---|---|---|---|
| १ | अध्यक्ष | १ | ३०००० | १२ | ३६०००० | ३६०००० |
| २ | उपाध्यक्ष | १ | २७००० | १२ | ३२४००० | ३२४००० |
| ३ | वडाध्यक्षहरु | ७ | २०००० | १२ | २४०००० | १६८०००० |
| ४ | वडासदस्यहरु | २३ | ७००० | १२ | ८४००० | १९३२००० |
| ५ | कार्यपालिका सदस्य | ६ | १२००० | १२ | १४४००० | ८६४००० |
| | जम्मा | ३८ | ९६००० | ६० | ११५२००० | ५१६०००० |

१२. **प्रोत्साहन भत्ता** : विभिन्न कर्मचारीलाई मासिक तलबको ३० प्रतिशतका दरले गांउपालिकाको निर्णयको आधारमा २० कर्मचारीहरुलाई प्रोत्साहन भत्ता रु. २२,७४,९४०।०० वितरण गरेको पाईयो । आन्तरीक आम्दानी सिमित भएको तथा संघीय सरकारको अनुदानमा निर्भर हुने अवस्थामा कार्यसम्पादन सुचकांक वेगर विभिन्न भत्ता सुविधामा खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

१३. **विल भरपाई**: अर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा कुनै रकमको भुक्तानी गर्दा रित पुगे वा नपुगेको जाँच गरि भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसारको भुक्तानीलाई पुष्टि गर्ने भरपाई तथा विल वेगर खर्च लेखेको पाईएकोले खर्च रकम पुष्टि गर्न सकिएन । अतः विल भरपाई पेश हुनुपर्ने अन्यथा असुल गरी सञ्चित कोष दाखिला गर्नु पर्ने रु. १८८९९०.०

| सि.नं. | विवरण | भौचर नंम्वर र मिति | भुक्तानीको विवरण | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | समानिकरण पुजिंगत | ८/२०७५.११.२ | मान पकडीमा भएको रक्तदान तथा लागु औषधी सम्वन्धी कार्यक्रममा ६८ जना सहभागिलाई ८० जनाका दरले च्यावनप्रास, अण्डा र हर्लिक्स समेत खरिदको विल भर्पाइ संलग्न गरि रु २ लाख खर्च लेखेकोले सहभागि भन्दा बढी च्यावनप्रास, अण्डा र हर्लिक्स को खर्च लेखेको रु असुल हुनुपर्ने रु | २४०००.०० |
| २ | समानिकरण पुजिंगत | १८/२०७४/१०/६ | तिलोतमा नागरिक सचेतना केन्द्र फर्साटिकर सिलाई मेशिन खरिद गरेकोमा वितरण भरपाई संलग्न नरहेको | ५००००.०० |
| ३ | समानिकरण पुजिंगत | १९/२०७४/१२/१५ | बार्ड नं. ३ जनकपुरस्थित सडक विस्तार र कालोपत्र सडक निर्माण कार्यका लागि हयूमपाईप खरिद ३ थान प्रयोग भएको कार्यसम्पन्न प्रतिवेदन पेश नभएको | ६४९९०.०० |
| ४ | समानिकरण पुजिंगत | २०/२०७४/१०/१६ | फर्साटिकर यूवाकल्व लाई फूटवल कार्यक्रमको फोटोकपी विलबाट भुक्तानी | ५००००.०० |
| | | | **जम्मा** | **१८८९९०.००** |

१४. **सामाजिक सुरक्षाको लगत** : सामाजिक सुरक्षा कार्यविधी निर्देशिका २०७२ अनुशार कार्यालयबाट यस वर्ष सामाजिक सुरक्षा भत्ता वापत भुक्तानी गर्नुपर्ने व्यक्तिको नाम ठेगाना सहितको विवरण तथा फोटो समेत (विद्युतीय प्रणालीमा लगत) अद्यावधिक गरी सो बमोजिम भुक्तानी गरी खर्च लेख्नु पर्ने व्यवस्था छ । साथै सामाजिक सुरक्षाको रकम भुक्तानी गर्दा वैक खाता मार्फत गर्नु पर्ने व्यवस्था छ । कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण गर्दा व्यक्तिको नाम ठेगाना सहितको विवरण तथा फोटो समेत (विद्युतीय प्रणालीमा

| | | |
|---|---|---|
| | लगत) अभिलेख अद्यावधिक नगरी नगद र बैक मार्फत रु ३७२२६८६०।०० वितरण गरेको छ । सामाजिक सुरक्षाको लाभग्राहीको अभिलेख वेगर रकम वितरण गरेकोले खर्च रकम एकिन गर्न सकिएन । अतः लाभग्राहीको नाम ठेगाना सहितको विवरण तथा फोटो समेत ( एम.आइ.एस.लगत) अद्यावधिक गरी लाभग्राहीलाई वैक मार्फत रकम भुक्तानी गर्नु पर्दछ । | |
| १५. | यस कार्यालयबाट २०७४।७५ को सामाजिक सुरक्षा भत्ता चौमासिक रुपमा निकासा दिई भरपाई पेश गरि मात्र पुनः निकासा पठाउनु पर्नेमा भरपाई प्राप्त नगरि चिठीको जानकारीको आधारमा मात्र निम्नानुसार पठाएको देखियो । निम्न तालिकाबाट निकासा खर्च लेखि वितरण भरपाई पेश नभएको सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् । | |

| सि नं. | वितरण केन्द्र | वितरण | प्रथम र दोश्रो चौमासिक जम्मा निकासा | प्रथम र दोश्रो चौमासिक जम्मा भरपाई | बाँकी रकम | तेश्रो चौमासिक निकासा | तेश्रो चौमासिक भरपाई | तेश्रो चौमासिक निकासा भन्दा बढि वितरण रकम |
|---|---|---|---|---|---|---|---|---|
| १ | वनगई | गण्डकी विकास बैंक | ६५९०४०० | ६०८८८०० | ५०१६०० | २६४२८०० | ३००६४०० | -३६३६०० |
| २ | फर्साटिकर | एन एम बी बैक | ८८७३६०० | ८६८३२०० | १९०४०० | ४१५१२०० | ४२१३६०० | -६२४०० |
| ३ | मानपकडी | कमन्यूटी डेभलपमेन्ट | ५५३२८०० | ४३२१४६० | १२११३४० | २०१०६०० | २२४९२६० | -२३८६६० |
| ४ | मानमटेरिया | न्याद वितरण | ५३४२४०० | ४९४६४०० | ३९६००० | २२७५२०० | २१५२५०० | |
| **जम्मा** | | | **२६३३९२००** | **२४०३९८६०** | **२२९९३४०** | **११०७९८००** | **११६२१७६०** | **-६६४६६०.००** |

| | | |
|---|---|---|
| १५.१. | वनगाई वार्ड नं. १ र २ अन्तर्गतका लाभ ग्राहीलाई भत्ता वितरण गण्डकी विकास बैंक लाई प्रथम चैमासिकमा रु २४,७१,४००।०० र दोश्रो चौमासिकमा रु ४१,१९,०००।०० समेत जम्मा ६५,९०,४००।०० निकासा भएकोमा प्रथम र दोश्रो चौमासिकमा रु ६०,८८,८००।०० वितरण गरी रु ५०१६००।०० बाँकी रहेको बैकको २०७४।११।२० च.नं. ९४ को बाट पत्रबाट जानकारी गराएको र तेश्रो चौमासिकमा रु २६४२,८००।०० निकासा गरेकोमा रु ३०,०६,४००।०० विवरण पेश भएको छ । बैंकले वितरणको नामनामेसी सहितको विवरण पेश गरेको छैन । यस सम्वन्धमा गाँउपालिकाले जम्मा खर्च लेखेको रु ९०,९५,२००।०० सम्बन्धमा एकिन गर्नुपर्ने रु. | ९०९५२००।०० |
| १५.२. | सौ. फर्साटिकर वार्ड नं. ३ र ४ अन्तर्गतका लाभग्राही सामाजिक सुरक्षा भत्ता एन एम बी बैंक मार्फत वितरण गरि रु १२८,९६,८००।०० र वार्ड नं. ५ मानपकडी अन्तर्गतकालाई कम्यूनिटी डेभलपमेन्ट बैंक मार्फत वितरण गरेको भनि ६५७०७२०।०० समेत जम्मा रु १,९४,६७,५२०।०० खर्च भएको जानकारी गराएकोमा बैंकले नाम नामेसी सहितको विवरण पेश नभएकोले वितरण गरेको यकिन भएन । विवरण प्राप्त गरी यकिन गर्नुपर्दछ । | |
| १५.३. | प्रथम र दोश्रो चौमासिकमा निकासा भएको विवरणको आधारमा बाँकी रहेको रकम घटाइ नपुग मात्र तेश्रो चौमासिकमा निकासा गर्नुपर्नेमा विगतको बाँकी रकम नघटाइ निकासा गरेको छ । प्रथम र दोश्रो चौमासिकमा वितरण नगरेका सामाजिक सुरक्षा लाभग्राहीलाई तेश्रो किस्ता वितरण गर्नु नपर्नेमा तेश्रो चौमासिक अर्न्तगत ख. बनगाई सौ.फर्साटिकर र मानपकडी वडा नं.हरुमा निकासा भन्दा बढि रु.६६४६६०.०० वितरण गरेको देखाएकोले यस सम्बन्धमा गाँउपालिकाले यकिन गर्नुपर्ने रु. | ६६४६६०/– |
| १६. | **पारिश्रमिक कर** : आयकर ऐन, २०५८ तथा आर्थिक ऐन २०७४, अनुशार जनस्वास्थ्य तर्फ ल्याव अधिकृतमा कार्यरत देहायका कर्मचारीहरुको वार्षिक आयमा पारिश्रमिक कर कट्टा गरेको नदेखएकोले रु.२०,४४०।०० कर रकम अशुल गरी राजस्व खातामा दाखिला गर्नु पर्ने रु. | २०,४४०/– |

| कर्मचारीको नाम | कुल आय | क.स.कोष र विमा कट्टी | ना.ल.कट्टी | वांकी रकम | छुट रकम | कर योग्य आय | कर रकम |
|---|---|---|---|---|---|---|---|
| ल्याव अधिकृत राजन जि.सी | ५,५५,४७४/- | ८०,४४१/- | ०/०० | ४,७५,०३३/- | ४,००,०००/- | ७५,०३३/- | ११२५४/- |
| ल्याव अधिकृत तोमलाल गिरी | ५,३९,२५४/- | ७८,०००/- | ०/०० | ४,६१,२४४/- | ४,००,०००/- | ६१,२४४/- | ९,१८६/- |
| | | | | | | जम्मा | २०,४४०/ |

| | | |
|---|---|---|
| १७. | **वढी खर्च :** निम्नानुसारको कार्यक्रममा गांउपालिका विकास योजना २०७४।०७५ अनुसार देहाय वमोजिमको कार्यक्रममा स्वीकृत वजेट भन्दा वढी खर्च भएको देखएकोले गांउपरिषदवाट अनुमोदन हुनुपर्ने देखिएको रु. | २,१०,७८३/- |

| कार्यक्रम | कार्य | स्वीकृत रकम | खर्च रकम | वढी रकम |
|---|---|---|---|---|
| जन स्वास्थ्य कार्यक्रम | औषधि खरिद | ५,००,०००/- | ६,९४,९८३/- | १,९४,९८३/- |
| आयुर्वेद कार्यक्रम | औषधी खरिद | २,००,०००/- | २,१५,८००/- | १५,८००/- |
| | | | जम्मा | **२,१०,७८३/-** |

| | | |
|---|---|---|
| १८. | **पम्पहाउस मर्मत तथा जडान :** ५०।२०७५।३।२८ पम्प हाउस मर्मत तथा संचालन योजनाका लागि भैरहवा लुम्बिनी भुमिगत जल सिँचाई व्यवस्थापन डिभिजन, सिद्धार्थनगर भैरहवासंगको सहकार्यमा कार्य सम्पन्न गर्न कुल लागतको १५ प्रतिशत उपभोक्ताले व्यहोर्ने र बाँकी भै.ल.भु.ज.ले व्यहोर्ने गरी २ वटा (रजाढ र पकडी ) पम्प हाउस मर्मत तथा संचालनको रु.३३,१६,१६३।० कार्य सम्पन्न भएको सो मध्ये रु. ४९७४२४।५४ उपभोक्ताले व्यहोर्नु पर्ने देखिन्छ । मानपकडीका वडा अध्यक्षको सिफारिसमा पकडी पम्पहाउस जल उपभोक्ता समिति नं. ३३ ले रु. ५ लाख र रजाद पम्प हाउस उपभोक्ता समिति नं. ३२ ले रु.४ लाख समेत रु. ९ लाख भुक्तानी लिएको देखियो । संम्झौता अनुसार उपभोक्ता समितिले रु.४९७४२४।५४ व्यहोर्नु पर्ने र बाँकी रकम मात्र भुक्तानी हुनुपर्नेमा असुल गर्नुपर्ने रु. | ४०२५७५।०० |
| १९. | **उपभोक्ता समिती :** सार्वजनिक खरीद नियमावली,२०६४ को नियम ९७ (१) मा एक करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सोसम्वन्धी सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट गराउन वा प्राप्त गर्न सकिने र (१क) उपनियम (१) मा उल्लिखित एक करोड रुपैंयासम्मको लागत अनुमानमा मूल्य अभिवृद्धि कर ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश समेतको रकम समावेश हुने उल्लेख छ । कार्यपालिकाले वडा नम्वर ६ र ७ मा पर्ने वकुली चोक देखि मेहनवाल घोला र कोटारिया हुंदै गुगौली सिसवा सडक हुंदै नौडिहवा सडक र भगलापुर मटेरिया गुगौली सिसवा सडक २३५० मिटर कालोपत्रे गर्न जनसहभातिगा सहित रु.१,१६,५१,४८०।१९ को लागत अनुमान स्वीकृत गरी नियमावलीमा उल्लेखित व्यवस्था विपरीत उपभोक्ता समितिवाट काम गराएको देखिएकोले नियमको पालना भएको देखिएन । | |
| १९.१. | उक्त कार्य जनसहभागिता रु.२३,२९,७८०।१९ र ३ प्रतिशत कन्टिन्जेन्सी समेत गांउपालिकावाट रु.९६,१०,०००।०० व्यहोर्ने गरी २०७४।११।१४ मा उपभोक्ता समितिसंग सम्फौता भएकोमा उक्त कार्यको कार्यसम्पन्न प्रतिवेदन अनुसार रु.१,१५,२८,७३९।४९ को मात्र कार्य सम्पन्न भएको देखिएकोले उक्त रकमको २० प्रतिशतले हुने रु.९२,२२,९९१।५९ भुक्तानी दिनु पर्नेमा रु.९३,२१,७००।०० भुक्तानी गरेको देखिएकोले वढी भुक्तानी भएको रु.९८,७०८।०० उपभोक्ता समितिवाट अशुल गर्नु पर्ने रु....... | ९८,७०८।०० |
| १९.२. | सार्वजनिक खरीद नियमावली,२०६४ को नियम १९ मा बीस हजार रुपैंया भन्दा वढीको खरीद कार्य गर्दा मुल्य अभिवृद्धि कर प्रयोजनको लागि दर्ता भएका व्यावसायीवाट गर्नुपर्ने व्यवस्था छ । उक्त व्यवस्थाको पालना उपभोक्ता समितले समेत गर्नु पर्दछ । सडक कालोपत्रे उपभोकक्ता समिति वडा नं. ६,७ ले गो.भौ.नं. ९९। २०७५।०३।२५ बाट रु | |

| | | |
|---|---|---|
| | ९३२१७००।० भुक्तानी प्राप्त गरेकोमा निर्माण सामाग्री खरीद गर्दा र हेभी मेशिन भाडामा लिदा मु.अ.कर दर्ता भएका फर्मवाट लिई मु.अ.कर विजक सहित पेश हुनुपर्नेमा विल विजक पेश नगरी बुटवल उपमाहनगर पालिकाका विजय श्रेष्ठको भरपाईबाट रु.६३४००००।० र प्यान विलको आधारमा रु.८९६५८४।० गरि रु.७२३६५८४।० निजले बुझिलिएको देखियो । आयकर २०५८ को दफा ८७ ८८ र ८९ अनुसार मु.अ.कर दर्ता नभएको व्यक्ति,फमलाई भुक्तानी गर्दा १५ प्रतिशत अग्रीम कर कट्टा गर्नुपर्ने व्यवस्था अनुरुप निज संग रु.१०८५४८८।० असुल हुनुपर्ने रु. | १०८५४८८।० |
| २०. | **संचालन अनुदान :**<br>**वोर्डिङ पास :** निम्नानुसारको गोश्वारा भौचर नम्वर र मितिवाट देहायका पदाधिकारीहरु तथा कर्मचारीहरुलाई दैनिक भ्रमण भत्ता खर्च लेख्दा हवाई भाडा उपलव्ध गराएकोमा यात्रु वोर्डिङ पास पेश नभएकोले वोर्डिङ पास संलग्न नगरी भुक्तानी गर्ने प्रवृतिमा नियन्त्रण गर्नुपर्नेछ । | |

| गो.भौ.न.र मिति | पदाधिकारी तथा कर्मचारीको नाम | मिति | स्थान | हवाई भाडा रकम |
|---|---|---|---|---|
| ७१/२०७४/९/२८ | वडा अध्यक्ष विष्णु प्रसाद बस्याल | २०७४।८।१२ | भैरहवा-काडमाण्डौ | ५,९६५/- |
| | | ०७४।८।१५ | काठमाण्डौ-भैरहवा | ५,९८५/- |
| १२९/०७४/१२/१३ | गांउपालिका अध्यक्ष किशुन चन्द्र चौधरी | २०७४।११।२९ | भैरहवा-काडमाण्डौ | ६,२००/- |
| | | २०७४।११।३० | काठमाण्डौ-भैरहवा | ६,२००/ |
| २१६/०७५/२/२१ | योजना अधिकृत मान वहादुर भण्डारी | २०७४।२।९<br>२०७४।२।१० | भैरहवा-काठमाण्डौ<br>काठमाण्डौ-भैरहवा | ३,०००/-<br>२,८००/- |
| २१६/०७५/२/२१ | लेखापाल चन्द्रकान्त सुवेदी | २०७५।२।१०<br>२०७५।२।१६ | भैरहवा-काठमाण्डौ<br>काठमाण्डौ-भैरहवा | ४,१००/-<br>३,२००/- |
| | | | | ३७४५०.०० |

| | | |
|---|---|---|
| २१. | **राजस्व** : आर्थिक कार्य विधी ऐन २०५५ को दफा १२ मा राजस्वको लगत तथा लेखा राख्ने तथा फाँटवारी पेश गर्ने र त्यस्तो अभिलेख राख्ने उत्तर दायित्व कार्यालय प्रमुखको हुने उल्लेख छ । त्यस कार्यालयले नगदि रसिदको प्रयोग गरी घर जग्गा कर, व्यवसाय कर, शिफारिस दस्तुर, मालपोत समेत बाट रु.१ करोड ५० लाख ६ हजार राजस्व प्राप्त गरेकोमा ५४९ ठेली रसिद प्रयोग भएको देखिन्छ । नगदी रसिदहरुको के कति छापिए र कुन कुन वडालाई के कति वितरण भएको हो सो को अवस्था देखिने रसिद नियन्त्रण खाता राखेको छैन । छपाई भएको रसिद संख्या, वडा कार्यालयलाई उपलब्ध गराएको रसिद संख्या, सो मध्ये प्रयोग भएको र प्रयोग हुन बाँकी, त्यसबाट प्राप्त हुनुपर्ने आय सम्बन्धमा छानबीन गरी यकिन हुनु पर्दछ । | |
| २१.१. | आर्थिक कार्यविधी ऐन २०५५को दफा १३ मा जिमेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदको हकमा सोही दिन वा त्यसको भोलीपल्ट दाखिला गर्नुपर्ने र सो अनुसार नगरेमा १५ दिन सम्म ढिला भए १५प्रतिशत र सो भन्दा बढी ढिलाभएमा २५प्रतिशत जरिवाना सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले असुल गरेको आम्दानी रकम १५ दिन, १७ दिन वा १ महिनापछि दाखिला गर्ने गरेको देखियो । तसर्थ ऐनमा भएको व्यवस्था बमोजिम तोकिएको समयमै बैंक दाखिला गर्नुपर्ने र ढिला दाखिला भए जरिवाना सहित असुल गर्ने व्यवस्था मिलाउनु पर्दछ । | |
| २१.२. | गाँउपालिकाले प्रयोग गरेको कतिपय नगदी रसिदमा के बापत आय प्राप्त गरेको हो सो नखुलाई दस्तुर बापत मात्र लेख्ने गरको , दैनिक आम्दानी रजिष्टरमा रकम चढाउदा पुरा मिति र रसिदको पुरा नं. चढाउनु पर्नेमा आंशिक मात्र चढाउने गरेको, मासिक आम्दानी जोड जम्मा गर्ने नगरेको, केही रसिदहरुमा रकम केरमेट गरी सच्याइएको देखिएकोले नगदी रसिद जारी गर्दा यस्तो प्रवृतिमा सुधार हुनुपर्दछ । | |

| | | |
|---|---|---|
| २१.३. | निम्न रसिद नं. बाट राजस्व आम्दानी गरेकोमा आम्दानी खातामा पोष्टीङ छुट भएको र उक्त रकम दाखिला समेत भएको नदेखिएकोले असुल गरी राजश्व दाखिला गर्नु पर्ने रु. | ५४७०।०० |

| आम्दानी रसिद नं. | विवरण | रकम | वार्ड नं. |
|---|---|---|---|
| १०५१४९ | मालपोत दस्तुर | २३५० | ६ र ७ |
| १०५९४० | सिफारिस दस्तुर | २१० | ६ र ७ |
| १०७४५१ | सिफारिस दस्तुर | ३१० | ६ र ७ |
| ११४३५० | सिफारिस दस्तुर | ८०० | ३ र ४ |
| ११३२५० | चार किल्ला प्रमाणित | १८०० | ३ र ४ |
| जम्मा | | ५४७०.०० | |

| | | |
|---|---|---|
| २२. | **पेश्की बाँकी :** आर्थिक वर्षको अन्त्य सम्म फछ्र्योट नभई बाँकी रहेको देहायका व्यक्ति तथा संस्थाहरुको नाममा रहेको पेश्की आर्थिक कार्यविधी नियमावली,२०६४ को नियम ७३ अनुसार अशुल फछ्र्यौट गर्नुपर्ने रु. | ५८३७२५०.०० |

| पदाधिकारी / कर्मचारी | निर्माण व्यावशायी | रकम |
|---|---|---|
| – | दयानिर्माण सेवा | ५३,५०,०००.०० |
| वडा सचिव लक्ष्मण प्रसाद ज्ञवाली | – | २,८७,२५०.०० |
| प्रा.स. रामरतन यादव | – | २००,०००.०० |
| | | **५८,३७,२५०.००** |

| | | |
|---|---|---|
| २२.१. | गाँउपालिकाले पेश गरेको आर्थिक विवरण अनुसार आन्तरिक स्रोत पुँजीगतको आर्थिक विवरणमा पेश्की वांकी रु.३,२५,०००।०० र व.उ.शि.न.८०१६५७३ (वित्तिय समानीकरण अनुदान र शर्सत अनुदान) तर्फको रु.६४,११,७५०।०० समेत रु.६७,३६,७५०।०० पेश्की वांकी देखिएकोमा आन्तरिक स्रोत पुंजिगत तर्फको म.ले.प. फा.न.१४ पेश नभएको र वित्तिय समानीकरण अनुदान र शर्सत अनुदान तर्फको म.ले.प. फा.न.१४ मा पदाधिकारी कर्मचारी तर्फ रु.४,२७,२५०।०० र निर्माण व्यावशायी तर्फ पेश्की रु.५३,५०,०००।०० समेत रु.५८,३७,२५०।०० वांकी देखिएकोले फरक रु.५,७४,५००।०० पेश्की एकिन गरी आर्थिक कार्यविधी नियमावली, २०६४ को नियम ७३ वमोजिम अशुल फछ्र्यौट गर्नुपर्ने रु. | ५,७४,५००।०० |
| २३. | **आन्तरिक लेखा परीक्षण:** आन्तरिक लेखा परीक्षणबाट औल्याई अन्तिम लेखापरीक्षण सम्म असूल फछ्र्यौट नभई असूलउपर गर्नुपर्ने रु ७,२१,०००।००, अनियमित देखिएको रु १६९९६०।०० र प्रमाण पेश हुनु पर्ने रु ७०००।०० समेत जम्मा रु ८,९७,९६०।०० असुल फछ्र्यौट हुनुपर्ने रु. | ८९७९६०।०० |
| २४. | **बेरुजु तथा संपरीक्षण:** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १९ मा महालेखापरीक्षकको कार्यालयवाट लेखापरीक्षण हुँदा औंल्याइएका बेरुजूहरु सम्वन्धमा सो बेरुजूको सूचना प्राप्त भएको पैतिस दिनभित्र सम्वन्धित कार्यालयले फछ्र्यौट गर्नुपर्ने उल्लेख छ । कार्यालयले बेरुजुको लगत अध्यावधिक नगरेकोले बाँकी बेरुजु यकिन हुन सकेन । आ.व. ०७३।०७४ को बेरुजु मध्ये रु.९१,२५०।०० असुल गरी रु. ७३०००।०० बेरुजु लेखापरीक्षण डोरमा पेश गरेकोमा संपरीक्षण गरिएको छ । लगत कट्टाको जानकारी पछि पठाइने छ । बाँकी बेरुजू समेत समयमै संपरीक्षण गर्ने गराउने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ । | |

| सि.नं. | आ.व. | दफा नं. | अनुरोध रकम | सम्परीक्षण रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | २०७३।७४ | २१ | ७३०००.०० | ७३०००.०० | व्याज सहित असुल भएको । |

| | | |
|---|---|---|
| २५. | **वितीय जवाफदेहिताको मूल्यांकन** : कार्यालयको व्यवस्थापकीय पक्ष, वितीय व्यवस्थापन पक्ष, सेवा प्रवाह, खरिद व्यवस्थापन र विकास निर्माणको समग्र मूल्यांकन गर्दा कार्यालयले | |

| | | |
|---|---|---|
| | ७२ अंक अर्थात ७२ प्रतिशत ग्रेड (B) प्राप्त गरेको छ। सोको अनुसूचि यसै प्रतिवेदन साथ संलग्न गरिएको छ। उक्त विषयहरुमा थप सुधार हुनुपर्दछ। | |
| २६. | **बेरुजू -** शुद्धोधन गाँउपालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष रु.२ करोड ८ लाख ८० हजार बेरुजू कायम भएकोमा प्रतिक्रियाबाट रु.९ लाख ३ हजार फछ्र्यौट भई असुल गर्नुपर्ने बेरुजू रु. २५ लाख ८ हजार, अनियमित बेरुजू रु.२ लाख ११ हजार, प्रमाण कागजात पेश नभएको बेरुजू रु. १ करोड ८ लाख ४६ हजार र पेश्की बाँकी देखिएको रु. ६४ लाख .१२ हजार समेत रु. १ करोड ९९ लाख ७७ हजार बेरुजू कायम भएको छ। | |
| २७. | **अनुगमन तथा मूल्याङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४(२) (घ) बमोजिम बेरुजू फछ्र्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ। कार्यालयले गत वर्षको बेरुजू फछ्र्यौट गरि बाँकी बेरुजू स्थिति निम्नानुसार देखिएको छ : | |
| | <table><tr><th>गत वर्षको बेरुजू रकम (रु.) (A)</th><th>यो वर्ष फछ्र्यौट (B)</th><th>बाँकी (C= A-B)</th></tr><tr><td>६११९०००/-</td><td>७३०००/-</td><td>६०४६०००/-</td></tr></table> | |
| २८. | **अद्यावधिक बेरुजू स्थिति :** शुद्धोधन गाँउपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजू स्थिति देहाय अनुसार रहेको छ : | |
| | <table><tr><th>गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) ©</th><th>यो वर्षको सं प.बाट कायम बेरुजू रु. (D)</th><th>यो वर्षको कायम बेरुजू रु. (E)</th><th>बाँकी (F=C+D+E)</th></tr><tr><td>६०४६०००/-</td><td>-</td><td>१९९७७०००/-</td><td>२६०२३०००/-</td></tr></table> उल्लेखित ऐन बमोजिम फछ्र्यौट गर्न बाँकी सम्पूर्ण बेरुजु असूल फछ्र्यौट गरिनुपर्दछ। | |

अनुसूची– १

# शुद्धोधन गाँउपालिकाको यो वर्षको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७४।७५

(रु.हजारमा)

| सि. नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १. | रुपन्देही | शुद्धोधन गाँउपालिका | १९ | १७ | २०८८० | ० | २ | ९०३ | १९ | १५ | १९९७७ | २५०८ | २११ | १०८४६ | - | - | ११०५७ | ४८७ | ५९२५ | ६४१२ |

अनुसूची- २

# शुद्धोधन गाँउपालिकाको सञ्चित कोष विवरण
## २०७४।७५

(रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १. | शुद्धोधन गाँउपालिका | रुपन्देही | **२२९८२** | १७४०८७ | १२३२९१ | २६७७४ | **३२४१५२** | १४६६२३ | १७३८९३ | ५६१९ | **३२६१३५** | **२०९९९** |